# समग्र

सीमान्तकृत मानिसहरूको सशक्तीकरणमा सामाजिक परिवार !

अंक-५१, बैशाख, २०७४

## भित्र

समग्र विकास सेवा केन्द्रको साधारणसभा..............................२

क्रियाकलाप अभिलेखन तालिम.........................................३

पहाडका सामाजिक परिवारको तराई भ्रमण................................४

नयाँ संविधान सम्बन्धी जानकारी .................................७

जंगली हात्तीबाट बच्न पहल ...८

सुशासन तथा जवाफदेहीता अन्तर्क्रिया ...............................८

सम्पर्कका लागि ठेगाना:

**समग्र विकास सेवा केन्द्र,**

हस्पिटल मार्ग, चाबहिल,

पो.ब. नं. : १३२७८, काठमाडौं,

फोन नं. ४४६९६४९, इमेल: info@samagra-nepal.org.np,

वेभसाइट: www.samagra-nepal.org




# लघुवित्तको मारमा विपन्न

लघुवित्त र सहकारीका सकारात्मक पक्ष हुँदाहुँदै पनि वर्तमान स्थितिमा यससम्बन्धी कयौं चुनौती देखा परेका छन् । दुर्गम भेगमा लघुवित्त र सहकारीको न्यून उपस्थिति रहेका छ । सहरमा बढी केन्द्रित छन् । हाल ७५ जिल्लामा ३१% मात्र लघुवित्तहरूको पहुँच रहेको छ । सहकारी र लघुवित्तबीच, लघुवित्त-लघुवित्तबीच र सहकारी-सहकारीबीच अस्वस्थ प्रतिस्पर्धाका कारण समाजमा कयौ विकृति देखिएको छ । साथै समुदाय र बजारको माग ध्यानमा नराखी जथाभावी लगानी गर्ने प्रवृत्तिले सेवाग्राहीलाई समस्या दिइरहेको छ ।

सेवाग्राहीमा वित्तीय साक्षरताको अभाव, उद्यमशील तालिमको अभाव छ । एकै व्यक्ति वा समूहलाई दुई वा दुईभन्दा बढी संस्थाद्वारा कर्जा प्रवाह गर्ने प्रवृति छ । यसले लघुवित्त र सहकारी समस्यामा पर्न सक्छन् ।

लघुवित्तका किस्ताहरू किसानमैत्री हुन सकेको छैन । यससम्बन्धमा प्रभावकारी अनुगमन छैन । सहकारीलाई नियमन गर्ने कानुन समय सान्दर्भिक छैन । सहकारीको संख्याका अनुपातमा नियमन निकायमा जनशक्ति पर्याप्त छैन । लघुवित्तका कारण स्थानीय सहकारीलाई समेत मर्का परेको छ ।

लघुवित्तको लगानीले विपन्नको सामाजिक र आर्थिक उन्नतिमा योगदान पुऱ्याउन सकेको छ वा छैन भन्ने बारेमा अनुगमन कमजोर छ । दुर्गममा ठूला वित्तीय संस्थाका न्यून तथा कमजोर पहुँच रहेको कारण लघुवित्त र सहकारीमाथि थप चुनौती रहेको छ ।

समग्र विकास सेवा केन्द्रले लमजुङ, गोरखा, काठमाडौ र सिरहाका गरी ५३ जना सेवाग्राहीमा एउटा सर्वेक्षण गरेको थियो । विशेष गरी सेवाग्राहीको कर्जा संख्या, म्याद नाघेको कर्जामा म्यादको व्यवस्था, वित्तीय साक्षरता/उद्यमशीलता तालिमको व्यवस्था, कर्जा लगानीका किस्ता तिर्ने समय सम्बन्धी प्रश्न सोधिएको थियो । उक्त सर्वेक्षणबाट

*बाँकी पृष्ठ ६ र ७ मा*

# समग्र विकास सेवा केन्द्रको साधारणसभा




काठमाडौं । समग्र विकास सेवा केन्द्रको ३८औं साधारणसभा ०७३ साल फाल्गुन २७ गते केन्द्रीय कार्यालय, काठमाडौंमा सम्पन्न भयो । समग्रको बैठककक्षमा अध्यक्ष दुर्गादत्त घिमिरेको अध्यक्षतामा सम्पन्न उक्त सभाको उद्घाटन समारोहमा ३९ जनाको उपस्थिति थियो । आकस्मिक रूपमा 'नेपाल बन्द' को हल्ला आए तापनि साधारणसभामा २९ सदस्य सहभागी थिए । स्वागत मन्तव्यपछि सहभागीहरूले शुभकामना दिने क्रममा समग्र विकास सेवा केन्द्रको दुई दशकभन्दा लामो यात्रामा व्यहोरेका उतारचढाव, यसले किनाराका मान्छेको जीवनमा ल्याएको परिवर्तन र अब पहिल्याउनुपर्ने नयाँ बाटोबारे व्यक्त विचार गरेका थिए । मन्तव्यका क्रममा कृष्णमुरारी भण्डारीले भने, 'समग्र विकास सेवा केन्द्र अब किशोरावस्था पार गरेरबाट २२ वर्षे युवा भइसकेको छ । जसरी यसले पहिले सामाजिक विकास र पिँधका मान्छेको सशक्तीकरणको क्षेत्रमा नयाँ उदाहरणको रूपमा प्रस्तुत भएर यहाँसम्म आइपुगेको छ अब नयाँ अध्याय सुरु भएको छ। यसको लागि पनि त्यसैगरी तयार भएर अघि बढ्नुपर्छ ।'

संक्षिप्त खुलासत्रलाई कार्यकारी-निर्देशक डोरनाथ न्यौपानेको धन्यवादबाट समापन गरेपछि साधारणसभाको बन्दसत्र सुरु भयो ।

## आ.व ०७२/७३ को यथार्थ आयव्यय विवरण

| | |
|---|---|
| **आम्दानीतर्फ :-** | |
| गत आर्थिक वर्ष ०७१/७२ को मौज्दातबाट | रू.२९,२८,०२५।- |
| आर्थिक वर्ष ०७१/७२ को जिएफबाट (पहिले स्वीकृत बजेटभित्रबाट) | रू.५,११,२६०।- |
| जिएफबाट | रू.१,३१,२२,१४९।- |
| गरिबी निवारण कोषबाट | रू.९,६४,५९२।- |
| मेडेप | रू.१,८४,७७९।- |
| एलजिसिसिडिपी काठमाडौंबाट | रू.१,९०,०००।- |
| एलजिसिसिडिपि लमजुङबाट | रू.२,८०,०००।- |
| संस्थागत आम्दानी तथा घुम्तीकोषबाट | **रू.**९,६४,४००।- |
| **कुल आम्दानी** | **रू.१,९१,४५,२०५।-** |
| **खर्चतर्फ :-** | |
| **प्रशासनिक तथा शीर्षकअनुसारको खर्च** | रू.४४,५७,९७३।- |
| • पारिश्रमिक तथा सेवासुविधा | रू.२०,७१,०२७।- |
| • भ्रमण तथा यतायात खर्च | रू.२,४४,९५८।- |
| • घरभाडा (केन्द्र तथा जिल्लाको समेत) | रू.६,९१,७२६।- |
| • अन्य सञ्चालन खर्चहरू * | रू.१४,५०,२६२- |
| **कार्यक्रम सञ्चालन खर्च** | रू.१,१९,७०,०३२।- |
| **सम्पत्तितर्फ** | रू.५,३६,३५५।- |
| गत वर्षको दायित्व | – |
| **कुल खर्च** | **रू.१,६९,६४,३६०।-** |
| **आर्थिक वर्ष ०७२/०७३ को वचत मौज्दात** | **रू.२१,८०,८४५।-** |

*केन्द्र, क्षेत्रीय तथा जिल्ला सम्पर्क कार्यालयहरूसमेतको मसलन्द, टेलिफोन, बिजुली, मर्मत तथा संभार, आन्तरिक यातायात, इन्धन, अतिथिसत्कार, वेवसाईट अपडेट, लेखापरीक्षण र संस्था नवीकरण आदि खर्च ।

*भनेर होइन, हामी गरेर स्वर्ग पुग्न सक्छौं । - हेनरी*

## आ.व. ०७३/७४ को अनुमानित बजेट

| **आम्दानी तर्फ :-** | **रकम** |
| --- | --- |
| • गरिबी निवारण कोषबाट | रू.१२,८२,४००।- |
| • जिएफबाट | रू.२,९२,३३,७३५।- |
| • मेडेप | रू.५,५५,४१८।- |
| • एलजिसिडिपी लमजुङबाट | रू.३,००,०००।- |
| • एलजिसिडिपी कामपा काठमाडौं | रू.३,००,०००।- |
| • जसमध्ये संस्थागत आम्दानीबाट | रू.११,८४,१६८।- |
| • दातृ निकायबाट ओभरहेड | रू.२०,४९,८८७।- |
| **कुल जम्मा** | **रू.३,४९,०५,६०८।-** |
| **खर्चतर्फ :-** | |
| **प्रशासनिक तथा शीर्षक अनुसारको खर्च** | **रू.७४,४८,०६६।-** |
| • पारिश्रमिक तथा सेवासुविधा | रू.२४,८३,७६४।- |
| • भ्रमण तथा यातायात खर्च | रू.५,५९,७४५।- |
| • घरभाडा (केन्द्र तथा जिल्लाको समेत) तथा अन्य सञ्चालन खर्च | रू.४४,०४,५५७।- |
| • कार्यक्रम सञ्चालन खर्च | रू.२,७३,९७,९४२।- |
| **सम्पत्तितर्फ** | रू.५९,६००।- |
| गत वर्षको दायित्व | – |
| **कुल जम्मा** | **रू.३,४९,०५,६०८।-** |

बन्दसत्रमा महासचिव ई. बाबुकाजी अधिकारीले गत आर्थिक वर्षको प्रगति प्रतिवेदन र चालू आर्थिक वर्ष ०७३/७४ को योजना प्रस्तुत गरे । कोषाध्यक्ष रूपा विश्वकर्माले गत आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदनसहित यथार्थ आर्थिक प्रतिवेदन र चालू आर्थिक वर्षको अनुमानित बजेट छलफलको लागि प्रस्तुत गरे । छलफलपश्चात् सभाले गत वर्षको जम्मा आम्दानी एक करोड ९१ लाख ४५ हजार २०५ रूपैयाँ र खर्च एक करोड ६९ लाख ६४ हजार ३६० रूपैयाँ सहितको आय-व्यय विवरण अनुमोदन गऱ्यो । चालू आर्थिक वर्षका लागि तीन करोड ४९ लाख पाँच हजार ६०८ रूपैयाको अनुमानित बजेट पनि पारित गऱ्यो । सभाले आर्थिक वर्ष ०७३/७४ का लागि लेखापरीक्षक नियुक्त गरी पारिश्रमिकसमेत स्वीकृत गऱ्यो ।

समग्र विकास केन्द्रको प्रगति तथा भावी कार्यक्रमबारे छलफलका क्रममा कृष्णमुरारी भण्डारीले थपे, 'साधारण सदस्यहरूको गतिविधि प्रतिवेदनमा आएन । सदस्यहरु सक्रिय नभएका हुन् कि ? सक्रियता भएन भने त जाम हुन्छ । आयोजनाहरू आएपछि मात्रै काम गर्ने होइन । संस्थालाई नयाँ जीवन, नयाँ तरङ्ग दिन यो साधारणसभा अवसर हो । एक वर्षमा एक चोटी आएर ल्याप्चे लगाउने मात्रै सदस्यहरुको भूमिका होइन । सीमान्तकृत मानिसभित्र छिरेर यो संस्थाको कार्य र नतिजा बेजोडको रूपमा आएको थियो तर अहिले पनि त्यसैगरी सक्रिय नहुने हो भने त संस्था शिथिल हुन्छ । त्यसैले हामीले झन् बढी सक्रियताका साथ देखिने कार्यक्रम गर्नुपऱ्यो । प्रतिवेदनमा हरेक साना काम र नतिजा आउनुपऱ्यो । कुन बजेट शीर्षकले के नतिजा निकाल्यो, त्यो पनि झल्किने गरी सबैले बुझ्ने शैलीमा प्रतिवेदन प्रस्तुत हुनुपऱ्यो । समग्रले चिन्ने थिङ्क ट्याङ्क ल्याएर नयाँ र पुराना दुवैथरिलाई सँगै राखेर विचार विमर्श गरौं- समग्र विकास सेवा केन्द्रले समयसापेक्ष नयाँ बाटो पहिल्याउन ।'

कृष्णमुरारीको सुझावमा थप्दै समग्र विकास सेवा केन्द्रका पूर्वउपाध्यक्ष तथा सल्लाहकार समिति सदस्य डा. लक्ष्मणप्रसाद ज्ञवालीले भने, 'बाबुले खेताला पाएको छैन, छोरोले काम पाएको छैन र क्यारिमबोर्ड खेलेर बसेको छ ।'

सचिव अनीता परियारले थपिन्, 'सामाजिक परिवारको सशक्तीकरणले उत्साहजनक रूपमा नेतृत्व बिकास भएको छ । युवाको पनि समूह बनाएर नेतृत्व तहमा लैजाने प्रयास गर्नुपर्छ ।'

'बुद्धिजीवी र युवाशक्ति दुवै विदेश गएका छन्, रोजगारी नपाएर । यो राष्ट्रिय समस्या हो', समग्र विकास सेवा केन्द्रका पूर्व अध्यक्ष बालकृष्णलाल जोशीले छलफलको बिट मार्दै भने, 'समग्रको परिकल्पना र उद्देश्यभित्र रहेर अहिलेको राष्ट्रियसमस्या के हो, त्यो अनुसारको रणनीति र कार्यक्रम तय गरेर अघि बढ्नुपर्छ ।' ●

# क्रियाकलाप अभिलेखन तालिम

काठमाडौं । लमजुङकी उत्प्रेरक यमकुमारी गुरुङले गाउँमा नयाँ सामाजिक परिवार गठन गरेको कथा रोचक ढङ्गले सुनाउँदा सबै सहभागी ध्यान दिएर सुनिरहेका थिए । आआफ्नो ठाउँमा आफूले पनि सामाजिक परिवार गठन गर्दाको भोगाइ र सिकाइ सम्झिँदै मुन्टो हल्लाएर सही थाप्दै थिए । धादिङको पीडा राईगाउँकी मञ्जिला राईले एक महिलाले घरमा श्रीमान्को हिंसात्मक क्रियाकलापका कारण मध्यरातमा घर छाडेर हिँड्नुपरेको घटना सुनाइन् । पछि सामाजिक परिवारको पहलमा अनुगमन गरी पुनः त्यो नदोहोरिने वातावरण मिलाई उनलाई घरमा पुनर्स्थापना गरेको कथा सुनाउँदा अरु सहभागीका गह आँशुले भरिएका थिए ।



यिनै भोगाइलाई 'लेखेर देखाउनुस्' भनियो । त्यही कथा लेखेपछि पढ्दा त्यसको प्रस्तुति रोचक भएन । क्रमबद्धता भंग भयो र त्यति रुचिकर देखिएन । त्यसपछि सहजकर्ताको मद्दतले त्यही कथालाई सहभागीमूलक रुपमा काँटछाँट र थपघट गरी पुनर्लेखन गरियो । त्यस क्रममा धेरै कुरा सिक्न मद्दत पुग्यो । यस्था भोगाइका कथा सुनाउने र लेख्ने क्रम काठमाडौंको मुटुखुमा तीन दिनसम्म चल्यो । समग्र विकास सेवा केन्द्रले आफ्नो

बाँकी पृष्ठ ७ मा

# पहाडका सामाजिक परिवारको तराई भ्रमण




सप्तरी : समग्र विकास सेवा केन्द्रले कार्यक्रम सञ्चालन गरिरहेका गोरखा, धादिङ, लमजुङ र काठमाडौंका सामाजिक परिवारका प्रतिनिधिहरूले तराई/मधेशका सुनसरी, सप्तरी, सिरहा र धनुषाको भ्रमण गरी सामाजिक परिवारका गतिविधिहरूको अवलोकन गरेका छन्। तराई-मधेशलाई पहाड र पहाडलाई तराई-मधेशको भ्रमण गराउने सिलसिलामा ०७३ चैत्र २५ गते देखि २८ गते सम्म सो भ्रमणको आयोजना गरिएको थियो ।

पहाड र तराई-मधेशमा रहेका सामाजिक परिवारका सदस्यहरूबीच सामाजिक सद्भाव बढाउन र अन्तर-साँस्कृतिक आदानप्रदान होस् भनेर उक्त अवलोकन भ्रमण गराइएको हो । भ्रमणमा काठमाडौंबाट आठ जना, धादिङबाट १२ जना, गोरखाबाट नौ जना र लमजुङबाट नौ जना गरी जम्मा ३८ जना सहभागी थिए । भ्रमण दलमा महिला २५ र पुरुषको १३ जना थिए। चैत्र २५ गते बिहान काठमाडौबाट सुरु भएको भ्रमण २६ गते सप्तरी र सुनसरी, २७ गते सिरहा र धनुषाको भ्रमण गरी २८ गते आ-आफ्ना स्थानमा फर्किएका थिए ।

भ्रमणदलले पहिलो अन्तरसंवाद सप्तरीस्थित त्रिहुत गाउँपालिका-४, डिमनमा रहेको जनजाति सामाजिक परिवार र महन्थ बाबा सामाजिक परिवारका सदस्यहरू र राजनीतिक दलका स्थानीय नेताहरूसँग गरेका थिए । जनजाति सामाजिक परिवारका अध्यक्ष रामनारायण भण्डारीले समग्र विकास सेवा केन्द्रले यस गाउँका सामाजिक परिवारका सदस्यहरूलाई 'मान्छे भएर कसरी बाच्ने' भन्ने बारेमा सिकाएको बताए। 'गाउँ विकास समिति र अरु सेवादायी निकायहरूबाट दिने सेवासुविधाबारे थाहा थिएन । सामाजिक परिवार गठन भएपछि प्रत्येक महिनामा छलफल गर्दै गयौं । समग्र विकास सेवा केन्द्रले कुन सेवादायी निकायबाट के-के सुविधा पाइन्छ भन्नेबारे जानकारी दिएकाले अहिले हामीहरू ती सेवासुविधा ल्याउन सफल भएका छौं', उनले भने, 'जिल्ला कृषि विकास कार्यालय, जिल्ला पशु विकास कार्यालय, जिल्ला विकास समिति र गाउँ विकास समितिबाट कृषि तालिम, बीउबिजन, बोटबिरुवा, गाईभैँसीका लागि निःशुल्क खोप, बाटो मर्मत, सिँचाई जस्ता सेवासुविधाहरू ल्याउन सफल भएका छौ ।'

दलित दादाजी सामाजिक परिवारका अध्यक्ष शिवदेव सदाले भने, 'हामी तराई, पहाड र हिमालबासी एकै हौं र एकजुट छौं । समग्र विकास सेवा केन्द्रले गरिब दलितहरूका हकहितका लागि समाज परिवर्तनका कुराहरू गर्दैछ। सामाजिक परिवारले डिमनमा जातीय छुवाछुतमा घटेको छ । धनीबाट भइरहेका ज्यादति रोक्न मद्दत पुगेको छ ।'

नागरिक समाजका महेन्द्र रामले भने, 'समग्र विकास सेवा केन्द्रले गरिब विपन्न कसैलाई विभेद गर्दैन । समाजमा शान्ति स्थापना गर्नका लागि सामाजिक परिवारहरूले जुन पहल गरेको छ ।'

नेपाल लोकतान्त्रिक फोरमका जिल्ला सह-सचिव गुगली यादवले भने, 'समग्र एउटा मात्र यस्तो संस्था हो, जसले डिमनसम्म आएर काम गरिरहेको छ । अरु संस्थाहरू माछा दिन्छन् तर समग्र माछा मार्न सिकाउँछ, जुन सधैंका लागि काम लाग्छ । डिमनका सामाजिक परिवारहरूले सेवादायी निकायहरूबाट सेवासुविधाहरू ल्याइरहेका छन् । पहिले दलित वर्गहरूलाई भेला-समारोहमा बस्न दिँदैनथे । अहिलेसँगै बसेर खान्छन् । यो सामाजिक परिवारका माध्यबाट भएको परिवर्तन हो ।'

भ्रमणटोली सामूहिक तस्बिर खिचाएर तराई र पहाडबीचमा दोहोरी गीत गाउँदै नाँचगान गर्दै सुनसरी पुगेको थियो । भ्रमण टोलीसँग सुनसरीको कोशी गाउँपालिका-५, श्रीपुरजब्दीस्थित माँ जानकी सामाजिक परिवारमा दोस्रो अन्तर्क्रिया भयो । माँ जानकी सापका कोषाध्यक्ष सुनितादेवी यादवले सामाजिक परिवारका गतिविधिबारे जानकारी गराउँदै भनिन्, 'प्रतिपरिवार मासिक ५० रुपैयाँ वचत गर्छौं । कर्जा लगानीमा व्याजदर १२% राखिएको छ । सानो काम गर्न यसले सहयोग गरेको छ ।'

अर्का सदस्य मञ्जु मेहताले गाविसबाट प्राप्त एक लाख बजेटले सामूहिक भवन बनाएको बताइन् । उनले ०७३/७४ को बजेटमा १ लाख रुपैयाँ बाटो बनाउन परेको बताइन् । 'हाम्रो सामाजिक परिवार जहाँकहीँ जाँदा पनि सबै एकजुट भएर जाने गरेका छौं,' उनले भनिन् ।

सहभागी ममता मण्डलले आफूलाई पतिले यातना दिएको र नागरिकता समेत नबनाइदिएको घटना सुनाउँदै भनिन्, 'घरबाट नागरिता बनाउन दिइएको थिएन, सामाजिक परिवारमा गएर भनेपछि उहाँहरू मिलेर नागरिकता बनाइदिनुभयो । अहिले पहिलेभन्दा राम्रो भएको छ । घरमा पनि सबैले माया गर्न थालेका छन । पहिला महिला अधिकार भनेको के हो ? महिला हिंसा कसरी अन्त्य गर्ने भन्ने थाहा थिएन । अहिले म अधिकारबारे बुझ्छु । अधिकार प्राप्तिका लागि लड्नुपर्छ भन्ने थाहा छ । पहिला पाहुना आए भने हामी लुकेर हेर्नुपर्थ्यो । दिनरात घुम्टो ओडेर बस्नुपर्थ्यो तर अहिले त्यो सबै बदलिएको छ । यो सबै समग्रले गर्दा हो । अहिले हामी जातभात हेर्दैनौं, सबैलाई सम्मान गर्छौं । मानिस ठूलो

दिलले हुन्छ, जातले हुँदैन ।' भ्रमण दलले कोशीटप्पु वन्यजन्तु आरक्षणको पनि अवलोकन गरेको थियो ।

सिराहामा ऐतिहासिक स्थल शैलेश राजाको दरबार रहेको मानिने ठाउँ लाहानको फुलबारीको पनि अवलोकन गऱ्यो, जहाँ हरेक वर्ष वैशाख १ गते फूल फुल्ने गर्छ । त्यसपछि भ्रमणदल सिरहाको कर्जना गाउँपालिकामा रहेको सामाजिक परिवारमा पुग्यो । त्यहाँ आयोजित अन्तर्क्रियामा प्रगति आयआर्जन समितिका कोषाध्यक्ष यादवप्रसाद सुवेदीले भने, 'हाम्रो मासिक वचत दुई सय रुपैयाँ उठाउने गरेका छौं । गाविसमा सामुदायिक भवनको लागि अनुदान रकम माग गरेका छौं । त्यो स्वीकृत भइसकेको छ । निकासा हुन बाँकी भएकाले स्थानीय व्यक्ति, सामाजिक परिवारका सदस्य र समूहको वचत रकमद्वारा ४ कोठे भवन निर्माण भइसकेको छ ।'

मनकामना सामाजिक परिवारका अध्यक्ष हिरामाया विश्वकर्माले भनिन्, 'विश्वकर्माको उत्थान भएको छ । एउटा सापको कोष रकम दुई लाख ६० हजार रुपैयाँ भइसकेको छ । यसो हेर्दा हामी पनि धेरै धनी रहेछौं । २० रुपैयाँ मासिक वचतबाट अहिले चार लाख ६५ हजार रुपैयाँ जम्मा भएको छ । गरिबी निवारण कोषको एक लाख ७५ हजार लगानी गरेकोमा हाल साढे तीन लाख पुगिसक्यो ।'

उनले गाउँघरमा सरसफाइ र व्यवहारमा परिवर्तन आएको बताउँदै समय-समयमा बाटो मर्मतसंभार गर्ने गरेको बताइन् । 'हामीले सीपलाई गुरु मानेर अघि बढ्नुपर्छ । उत्तरबाहिनी धर्मशालामा, पशुपति मन्दिर स्थापना गरेका छौं, जसमा गाउँकै एक जना दिदीले जग्गादान र त्रिवेणी गा.पा. वार्ड नं. ४ का बाबा गोविन्द वि.क.ले ७ लाख रुपैयाँ सहयोग गरेका छन्', उनले भनिन्, 'मिठो बोली र परिचय गर्ने बानीको विकास भएको छ तर अझै पूर्ण रूपमा भएको छैन । नारी एकजुट हुनुपर्छ अनि मात्र जस्तोसुकै कार्य पनि सम्भव छ । पहाडतिर भ्रमणमा जाने मन छ ।'

पहाड र तराईका सामाजिक परिवारबीच अन्तर्क्रिया भइरहदा लमजुङ उत्प्रेरक यमकुमारी गुरुङले भनिन्, 'तराई होस् या पहाड, हामी सबै एकै परिवारका हौ । हामी सबै सामाजिक परिवारका सदस्य हौ । हामीले गर्ने काम एउटै हो । प्रत्येक सामाजिक परिवारमा मासिक बचत गर्ने, विभिन्न दिवसहरू मनाउने, घटनादर्ता गराउन पहल गर्ने कामहरू सामाजिक परिवारबाट गर्छौं । पर्यटकीय स्थल भुलुङमा सामाजिक परिवार गठन भएर मासिक पाँच सय रुपैयाँ वचत गर्ने गरेका छौं । हाल १२ लाख जति जम्मा भइसकेको छ । सामुदायमै कम ब्याजमा लगानी गर्ने गरेका छौं । गाउँमा रहेको लघुवित्तलाई हटाउने प्रयासमा छौं ।'

धादिङका तुलबहादुर वाइबाले भने, 'स्रोत साधन भएर मात्र हुँदैन, समाजिक काम गर्न चेतना चाहिन्छ । बाटो देखाउने कोही न कोही चाहिन्छ अनि मात्र सम्भव छ । धादिङको मेरो क्षेत्र थाक्रे-५, साबिक तसर्पु मा २६ दिन घरपरिवारलाई, ४ दिन सामाजिक परिवारलाई भनेर सामाजिक परिवारको नारामा अलि परिमार्जन गरेर काम गर्दै आइरहेका छौं । चार दिनमध्ये हप्ताको एक दिन बाटोघाटो सरसफाइ गर्छौं । जुन घरबाट आउन पाउँदैन/आउँदैन त्यसलाई ५० रुपैयाँ जरिवाना लगाएका छौं । गाविसबाट ६५ हजार रुपैयाँ बजेट निकासा भयो । त्यसबाट सिँढी बनाएका छौं । सामाजिक परिवारको आगामी योजना होम स्टे चलाउने रहेको छ ।'

उत्प्रेरक राजकुमार लामाले भने, 'जतिसुकै राम्रो काम गरे पनि सामाजिक काममा जश पाइँदैन । जश पाउन धेरै तपस्या गर्नुपर्छ । समग्र विकास सेवा केन्द्रले वास्तवमा केही दिँदैन तर ठूलो कुरा यसले उन्नतिका, प्रगतितर्फको असल बाटो देखाउँछ । त्यसैले हामी सकारात्मक चिन्तन राखेर अघि बढौं । जो समग्रको सकरात्मक पक्षमा लागेर देखाएको बाटोमा हिँड्छ र हिँडेको छ, उसको प्रगति भएकै छ ।' भ्रमण दलले जनकपुरको जानकी मन्दिर र धनुषाधाम दर्शन गरी यात्रा टुङ्ग्याएको थियो ।



# लघुवित्त मारमा......................

सेवाग्राहीले दुई वा सोभन्दा बढी संस्थाबाट कर्जा लिएको, कर्जा लगानीको अनुगमन पर्याप्त नभएको भन्ने तथ्य उक्त सर्वेक्षणले देखायो ।

लमजङकी चिजामाया नेपालीले त्यहाँ सञ्चालित लघुवित्त संस्थासंग ऋण लिएर तिर्न नसकेपछि गत असोजमा हिलेटक्सारकी सार्किनी विकले आत्महत्या गरेको बताइन् ।

लमजुङकै रिलमाया परियारले लघुवित्त संस्थाले बनाएको समूहको अध्यक्ष भएकै कारणबाट आफ्नो गरगहना र बाखा बेचेर भए पनि विगत एक वर्षदेखि समूह जमानीमा आफ्नो सदस्यले लिएको ऋण तिर्दै आएको बताइन् ।

उदयपुरकी रेमिमाया दनुवारले सुनाइन्, 'त्रियूगा नगरपालिका-४ का दुर्गाबहादुर दनुवारले आफ्नी श्रीमतीले ऋण लिएर भागेपछि हेटौडामा गएर आत्महत्या गरे ।'

सप्तरीकी गंगा मगरको गुनासो थियो, 'लघुवित्तले दिएको ऋणको किस्ता दिदी-बहिनीहरूले दाउरा काटेर, गिट्टी कुटेर र बालुवा बेचेर चुक्ता गर्नु परिरहेको छ ।'

सिरहा जटियाहीकी शिखनवती सिंह, उदयपुरकी ममता चौधरी, रेमिमाया दनुवार, गोर्खाकी भगवती बिकलगायत विभिन्न जिल्लाबाट अन्तर्क्रिया कार्यक्रममा सहभागी भएका झन्डै २५ जना विपन्न सीमान्तकृत महिलाले लघुवित्त संस्थाको ऋण प्रवाह र असूली प्रक्रियामा सुधार नगरे विपन्न महिला तथा पुरुष अझ बढी शोषित र पिडित हुने गुनासो गरे । केही सहभागीहरूले ब्याज चर्को भएकाले समस्या परेको बताए ।

### 'वित्तीय साक्षरता अभाव नै समस्या'



नेपाल राष्ट्र बैंकको लघुवित्त विभागका निर्देशक देवकुमार ढकालका अनुसार, पछिल्लो समय लघुवित्त क्षेत्रमा देखिएको विकृति ऋणमा वित्तीय साक्षरताको अभावका कारणले भएको हो । निर्देशनमा प्रष्ट रूपमा कर्जाको ब्याज र किस्ता तालिका ऋणीको बाली भित्र्याउने समयलाई ध्यान पुऱ्याएर बनाउने भनी उल्लेख गरिएको छ तर पनि व्यवहारमा यसको कार्यान्वयन देखिँदैन । 'नेपाल राष्ट्रबैंकले लघुवित्तको कर्जा व्यापारमैत्री भए पनि किसानमैत्री हुन सकेको छैन', उनले भने, 'राष्ट्रबैंकले लगानीको प्रभावको मात्र अनुगमन गर्ने गरेको छ, हरेक कर्जाको अनुगमन गर्दैन । यो सम्भव छैन ।'

ढकालका अनुसार, लघुवित्तमार्फत् विपन्न वर्गमा बैंकिङ सेवा प्रवाह गरेर उनीहरूको सामाजिक र आर्थिक स्तर माथि उठाउन कति प्रभावकारी भएको छ भन्ने पनि अनुगमनको पाटोमा परेको छैन । वर्तमान सन्दर्भमा ऋणीलाई कर्जा उपभोग गर्न वित्तीय साक्षरताको आवश्यकता रहेको उनको भनाइ छ ।

### 'सञ्चालकमै ज्ञानको कमी'



सहकारी महासंघकी चित्रा सुब्बाले सहकारीका सञ्चालकहरूलाई ज्ञान अभाव रहेको बताइन् । 'सञ्चालकलाई नै वित्तीय साक्षरता आवश्यक छ । अहिलेको विकृति वित्तीय साक्षरताकै अभावका कारण देखा परेको हो', उनले भनिन्, 'गैरसरकारी संस्थाले गठन गरेको समूहलाई संस्थाको कार्यक्रम सकिने क्रममा सहकारीमा दर्ता गर्ने चलनले थप समस्या भएको छ ।'

सुब्बाका अनुसार, दर्ता भइसकेपछि सहकारी संस्था संचालन गर्ने दायित्व बोकेको समूह न त वित्तीय साक्षर हुन्छन् न त उनीहरू सहकारी संचालनबारे जानकार परिचित हुन्छन् । यसले गर्दा सहकारीको संख्या मात्र बढ्ने गरेको तर सहकारीको प्रभाव खासै नदेखिएको उनले बताइन् । 'एक दुई वा सो भन्दा बढी सहकारीबाट ऋण लिने प्रवृत्तिले सहकारी क्षेत्रलाई थप चुनौती थपेको छ', सुब्बाले भनिन्, 'यो समस्या हल गर्न नीतिगत रूपमा अगाडि बढ्नुपर्छ ।'

### 'कमजोर सहकारी कानुन'



सहकारी विभागका अधिकृत लीलाबल्लभ चापागाईंले नियमनकारी निकायलाई प्रभावकारी कानूनको अभाव भएको बताए । 'कमजोर सहकारी ऐनको कारण सहकारीहरू थप समस्यामा परेको छ । सहकारी ऐन २०४८र नियमावलिमा ऋण नतिरेमा ऋणीलाई सजाय दिने कुनै पनि प्रावधान छैन', उनले भने, 'यसले त्यस्ता ऋणीलाई थप प्रोत्साहन गरेको छ ।'

चापागाईंका अनुसार, सहकारीका सञ्चालक सदस्य र ऋणीहरूमा वित्तीय साक्षरताका अभावका कारण कर्जाको उचित प्रयोग हुने गरेको छैन । 'सहकारी विभाग यसबारे सचेत

## लघुवित्त र सहकारीका सकारात्मक पक्ष

६१ प्रतिशत नेपालीको औपचारिक वित्तीय सेवामा पहुँच छ । ५७ प्रतिशतको अनौपचारिक वित्तीय सेवामा पहुँच रहेको तथ्यांक छ । १८ प्रतिशत नेपाली वित्तीय सेवाको पहुँचबाट बाहिर छन् । कुल जनसंख्याको ८० प्रतिशत ग्रामीण क्षेत्रमा बस्छन् । २५ प्रतिशत नेपाली गरिबीको रेखामुनि छन् । कुल जनसंख्यामध्ये दुईतिहाई कृषिमा निर्भर छन् । त्यसकारण नेपालका लागि लघुवित्त विकल्प नभई आवश्यकता हो । लघुवित्त र सहकारी गरिबी निवारणको उत्तम विकल्प हो ।

लघुवित्त र सहकारीले विपन्न मानिसको सामाजिक र आर्थिक अधिकारको पहुँचमा वृद्धि गर्ने उद्देश्य पूरा भए/नभएको प्रारम्भिक आधार संकलन गर्छ । लाभग्राही र अन्य सरोकारवाला मार्फत् यस विषयमा वस्तुस्थितिको ज्ञान संकलन गर्छ । लघुवित्त र सहकारीका अप्ठ्यारा र नीतिगत चुनौतीको पहिचान गर्छ । त्यसमा सुधारको पहल गर्ने उक्त कार्यक्रमले उपलब्धि हासिल गरेको छ । विपन्न र न्यून आय भएका व्यक्ति वा समूहले धितो वा विनाधितो समूह जमानीमा सहज रूपमा वित्तीय सेवा लिन पाउने र विपन्नसमुदायलाई स्थानीय स्रोतसाधनको उपयोग गरी लघुवित्त र सहकारीले विपन्न वर्गलाई स्वरोजगार र उद्यमशीलता प्रदान गर्दै आएको छ ।

ग्रामीण अर्थतन्त्रलाई चलायमान र देशको अर्थतन्त्रमा उल्लेखनीय योगदान पुऱ्याउदै आएको लघुवित्त र सहकारीले ग्रामीण क्षेत्रको समुदायको आर्थिक र सामाजिक अवस्थामा परिवर्तन गर्दैआएको छ । ●



# नयाँ संविधानसम्बन्धी जानकारी

*संविधानसभाले २०७२ असोज ३ गते नयाँ संविधान जारी गऱ्यो । यो संविधानका ३५ भाग, ३०८ धारा र ९ वटा अनूसूची छन् । भाग ३ मा मौलिक हकको व्यवस्था छ, जुन धारा १६ देखि ४६ सम्म लिपिबद्ध छन् ।*

२२. यातना विरुद्धको हक : (१) पक्राउ परेको वा थुनामा रहेको व्यक्तिलाई शारीरिक वा मानसिक यातना दिइने वा निजसँग निर्मम, अमानवीय वा अपमानजनक व्यवहार गरिने छैन । (२) उपधारा (१) बमोजिमको कार्य कानून बमोजिम दण्डनीय हुनेछ र त्यस्तो व्यवहारबाट पीडित व्यक्तिलाई कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ । २३. निवारक नजरबन्द विरुद्धको हक : (१) नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता वा सार्वजनिक शान्ति र व्यवस्थामा तत्काल खलल पर्ने पर्याप्त आधार नभई कसैलाई पनि निवारक नजरबन्दमा राखिने छैन । (२) उपधारा (१) बमोजिम निवारक नजरबन्दमा रहेको व्यक्तिका स्थितिको बारेमा निजको परिवारका सदस्य वा नजिकको नातेदारलाई कानून बमोजिम तत्काल जानकारी दिनु पर्नेछ । तर शत्रु देशको नागरिकका हकमा यो उपधारा लागू हुने छैन । (३) निवारक नजरबन्दमा राख्ने अधिकारीले कानून विपरीत वा बदनियतपूर्वक कुनै व्यक्तिलाई नजरबन्दमा राखेमा त्यस्तो व्यक्तिलाई कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ । २४. छुवाछूत तथा भेदभाव विरुद्धको हक : (१) कुनै पनि व्यक्तिलाई निजको उत्पत्ति, जात, जाति, समुदाय, पेशा, व्यवसाय वा शारीरिक अवस्थाको आधारमा कुनै पनि निजी तथा सार्वजनिक स्थानमा कुनै प्रकारको छुवाछूत वा भेदभाव गरिने छैन । (२) कुनै वस्तु, सेवा वा सुविधा उत्पादन वा वितरण गर्दा त्यस्तो वस्तु, सेवा वा सुविधा कुनै खास जात वा जातिको व्यक्तिलाई खरीद वा प्राप्त गर्नबाट रोक लगाइने वा त्यस्तो वस्तु, सेवा वा सुविधा कुनै खास जात वा जातिको व्यक्तिलाई मात्र बिक्री वितरण वा प्रदान गरिने छैन । (३) उत्पत्ति, जात, जाति वा शारीरिक अवस्थाको आधारमा कुनै व्यक्ति वा समुदायलाई उच्च वा नीच दर्शाउने, जात, जाति वा छुवाछूतको आधारमा सामाजिक भेदभावलाई न्यायोचित ठान्ने वा छुवाछूत तथा जातीय उच्चता वा घृणामा आधारित विचारको प्रचार प्रसार गर्न वा जातीय विभेदलाई कुनै पनि किसिमले प्रोत्साहन गर्न पाइने छैन । ज्ञद्द (४) जातीय आधारमा छुवाछूत गरी वा नगरी कार्यस्थलमा कुनै प्रकारको भेदभाव गर्न पाइने छैन । (५) यस धाराकोप्रतिकूल हुने गरी भएका सबै प्रकारका छुवाछूत तथा भेदभावजन्य कार्य गम्भीर सामाजिक अपराधका रूपमा कानून बमोजिम दण्डनीय हुनेछन् र त्यस्तो कार्यबाट पीडित व्यक्तिलाई कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ । ●

## लघुवित्तको मारमा.....................

छ तर दक्ष र पर्याप्त जनशक्तिको अभावका कारण वित्तीय साक्षरता तालीम प्रवाह गर्न सकेका छैनौं', उनले भने, 'यसका लागि सहकारी विभाग गैरसरकारी संस्था र अन्य अरु संस्थाहरूसंग सहकार्य गर्न तयार छ ।'

**'१८% भन्दा बढी ब्याज लिन पाइन्न'**

ऋणको ब्याजदर बढी भएर पनि समस्या आएको छ । यो सन्दर्भमा नेपाल राष्ट्र बैंकका लघुवित्त विभागका निर्देशक देवकुमार ढकालले भने, 'राष्ट्र बैंकले १८% भन्दा बढी ब्याज लिन नपाउने परिपत्र जारी गरिसकेको छ ।'

माननीय केशव बडालले भने, 'विपन्न वर्ग जानकारीका दृष्टिले पनि विपन्न नै हुन्छ । त्यसैले वित्तीय शिक्षाबिना गरिएको ऋण प्रवाहले यस्ता समस्या जन्माएको हो ।'

लघुवित्तबाट नेपालको गरिबी निवारण र महिला सशक्तीकरणमा थुप्रै उदाहरणीय काम भएको अनुभव सुनाउँदै प्रमुख कार्यकारी निर्देशक, डा. हरिहर आचार्यले भने, 'तालिम र वित्तीय साक्षरताको अभावमा यस्ता नकारात्मक समस्या देखिएका हून् । उनले भने, सेन्टरफर माइक्रो फाइनान्सले हालै आयोजना गरेको लघुवित्त सम्मेलनमा सेवाग्राहीका सफलताका कथा मात्र सुनें । आज यस कार्यक्रममा सेवाग्राहीको कुरा सुन्दा म अचम्भित भएँ । कर्जा लिएर कसरी उपभोग गर्ने भनी ज्ञान नहुँदा यस्ता दुःखद् घटनाहरू घटिरहेका छन् ।' ●

## क्रियाकलाप अभिलेखन..........

कार्यक्रम सञ्चालितमध्येका पहाडी चार जिल्ला- लमजुङ, गोरखा, धादिङ र काठमाडौंका जिल्ला संयोजक, उत्प्रेरक र सहउत्प्रेरकका लागि ०७३ फाल्गुन २५ देखि २७ गतेसम्म सञ्चालन गरेको क्रियाकलाप अभिलेखीकरण सम्बन्धी तीनदिने प्रशिक्षक प्रशिक्षण दिइएको थियो ।

समग्र विकास सेवा केन्द्रकाफिल्डमा कार्यरत कर्मचारी/कार्यकर्ताहरूलाई आफूले गरेका क्रियाकलापहरू र तिनीहरूले ल्याएका परिणामबारे प्रभावकारी रूपमा अभिलेखन गर्न सिकाउने उद्देश्यले उक्त प्रशिक्षण आयोजना गरिएको थियो । कार्यक्रममा १६ महिलासहित २९ जना सहभागी थिए ।

सहजकर्ताहरू सूर्यप्रसाद नेपाल, प्रेमराज ढुंगेल र डोरनाथ न्यौपानेले आफूले काम गर्दाका रोचक भोगाइ र अनुभवहरू प्रस्तत गरे । सकजकर्ताहरूले कसरी घटना, कार्य, त्यसको प्रतिफल र सिकाइहरूलाई रोचक ढंगले प्रस्तुत गर्ने, के कुरामा बढी जोड दिने, केलाई कम महत्व दिने भन्ने कुरा बीच-बीचमा घुसाउँदै सहभागीहरूलाई उत्प्रेरित गरेका थिए ।

सिकाइलाई सहज र रमाइलो बनाइएको थियो । कार्यकारी निर्देशक डोरनाथ न्यौपानेले वास्तवामा सामाजिक परिचालन के हो, कसरी विपन्न मानिसहरूलाई मद्दत गर्न सकिन्छ, यसमा हाम्रो भूमिका कति महत्वपूर्ण छ भन्ने कुरा आफूले विगतमा गरेका कार्यका अनुभवका रोचक प्रसङ्गसहित प्रस्तुत गरी सबैलाई उत्प्रेरित गरेका थिए । ●

# जंगली हात्तीबाट बच्न पहल

सप्तरी : सप्तरी क्षेत्र न. १ का सांसद मान्कु चौधरीलाई स्थानीय चौधरी, सरदार र सदा समुदायका दुई सयभन्दा बढी व्यक्तिहरूले जोडदारका साथ माग राखेका छन् । स्थानीयको भनाइ थियो- हरेक नागरिकले सुरक्षित जीवन जिउन पाउनुपर्छ र आफ्नो घर सम्पत्ति सुरक्षितसाथ राख्न पाउनुपर्छ । त्यसैले जंगली हात्ती, अर्ना, बँदेल जस्ता जङ्गली जनावरबाट जोगाउन कोशी टप्पु वन्यजन्तु आरक्षण क्षेत्रवरिपरी तारबार लगाउनुपर्छ भनेर ।

स्थानीयको मागलाई सम्बोधन गर्दै सांसद् चौधरीले यो तारबारको व्यवस्था छिट्टै हुन लागेको जानकारी दिएका थिए ।

यसरी पूरै गाउँबस्तीका व्यक्तिहरू उठेर सांसद् चौधरीसँग माग राख्न पुग्नुको कारण थियो- कन्चनरूप नगरपालिका वडा नं.-६ पिप्रापूर्वको सरदारबस्तीमा २०७३ माघ २० गते श्रीपञ्चमीमा सबै सरस्वती पूजामा मग्न भएको बेला मध्यरातमा सुकुमारी सरदारको घरमा जंगली हात्तीले आक्रमण गरेको थियो । हात्तीले करिब दुई क्विण्टल धान र चामल खाइदियो । घर भत्कायो, केही खाद्यान्न समेत नष्ट गर्‍यो ।

गाउँलेहरूले राती बस्तीमा जंगली हात्ती पसेको थाहा पाएपछि राँको बाले । टिन, थाल थटाए । होहल्ला गरे । हात्तीलाई बल्लबल्ल धपाए । हात्ती धपाउने तरिका चाहिँ रमाइलै थियो ।

त्यसको २ दिनपछि सरदार समुदायका १६ घरपरिवार समेटेर गठित डिवार सामाजिक परिवारको तुरुन्त बैठक डाकिन् सह उत्प्रेरक शशीकला चौधरीले । अनि हात्ती आतंकको विषयमा छलफल चलाइन् । राष्ट्रिय निकुञ्जबाट यसको क्षतिपूर्ति पाइन्छ र यसरी जानुपर्छ भनेर कुरा बुझाइन् । सम्पूर्ण विवरणसहितको फाराम भरी क्षतिको फोटो खिचेर वडा कार्यालयको सिफारिससहित शशीकला सामाजिक परिवारका अध्यक्ष, कोषाध्यक्ष, सचिव र पीडित सुकुमारीसहित कञ्चनरुप प्रहरी चौकी धरमपुर पुगे । क्षतिपूर्तिका लागि निवेदन हाले । प्रहरीले निकुञ्ज कार्यालय जान अनुरोध गरे । तर, जान नसक्ने अवस्था बुझेर प्रहरीचौकीले बाँकी प्रक्रिया आफैँ पूरा गरेर क्षतिपूर्तिका लागि डाक्ने गरी पठायो ।

शशीकलाले क्षतिपूर्तिका लागि पटक-पटक ताकेता गरिन् । प्रहरीचौकीमा क्षतिपूर्ति आएपछि पीडित सुकुमारीलाई खबर गरिन् । सुकुमारी पतिसहित प्रहरीचौकी गइन् । २० हजार रुपैयाँ प्राप्त गरिन् । यसका लागि उनलाई १ महिना लाग्यो । आपतविपदमा सहयोग गर्ने सामाजिक परिवारको चलनअनुसार सबै सामाजिक परिवारको सदस्य मिलेर सुकुमारीको भत्केको घर बनाइदिए । क्षतिपूर्ति स्वरुप पाएको रकमबाट आवश्यक सामग्रीहरू किने । ●

# सुशासन तथा जवाफदेहीता अन्तर्क्रिया



सर्लाही : समग्र विकास सेवा केन्द्रको आयोजनामा जिल्ला समन्वय समितिको सभाहल, मलंगवामा सुशासन तथा जवाफदेहीतासम्बन्धी अन्तर्क्रिया सम्पन्न भयो । ०७३ चैत्र १६ गते सर्लाही जिल्लाका सामाजिक परिवारका सदस्यहरू, राजनैतिक दलका प्रतिनिधिहरू, सरकारी कार्यालयका प्रतिनिधिहरू, सञ्चारकर्मीसहित एक सय जना सहभागीहरू रहेको उक्त कार्यक्रमको अध्यक्षता मलंगवा-४ का रविदास भगवान सामाजिक परिवार अध्यक्ष अर्चनादेवी रामले गरेकी थिइन् ।

कार्यक्रममा 'सुशासनका आयामहरू तथा जवाफदेहीता' विषयमा छलफल भएको थियो । कार्यक्रमको प्रमुख अतिथि पूर्वसांसद बडेपिर सामाजिक परिवार मलंगवाकी अध्यक्ष सलमान बेगन खातुन थिइन् । अन्तर्क्रिया कार्यक्रमलाई संबोधन गर्दै खातुनले भनिन्, 'राज्यका हरेक निकायमा पहुँचबाट बञ्चित सीमान्तकृत समुदायको जनसंख्याको हिसाबले प्रतिनिधित्व गराए मात्रै जनताले सुशासनको अनुभूति गर्न सक्नेछ । पूर्ण समानुपातिक प्रतिनिधित्व नभएसम्म सुशासनको रट लगाउनु राज्यले जनतासँग बेइमानी गरेको बाहेक अरु केही पनि हुन सक्दैन ।'

समग्र विकास सेवा केन्द्रले जनतालाई जागरुक बनाउन गरेको यस्ता अन्तर्क्रियाको प्रशंशा गर्दै उनले भनिन्, 'मैले पनि समग्रमा बडेपिर सामाजिक परिवारको अध्यक्षको जिम्मेवारी लिएको छु, तपाईंहरूलाई पनि सहयोग गर्नसक्ने माध्यमको रूपमा मैले सामाजिक परिवारलाई सम्झेको छु ।'

जनताको करबाट चल्ने सरकारका कर्मचारी लगायतलाई सम्बोधन गर्दै उनले भनिन्, 'सीमान्तकृत समाजका व्यक्तिहरूले धेरै मेहनत र प्रयासपश्चात् तपाई सरकारी निकायका व्यक्तिसम्म पुग्न सकेको हुन्छ, उनीहरूलाई काममा सहयोग गर्नुहोस् । जनताले पाउनैपर्ने सेवा ठीक समयमा ठीक ठाउँमा पुर्‍याउनु नै सुशासन हो । यसको लागि सबै जवाफदेही हुनैपर्छ ।'

कादरी सामाजिक परिवारकी अध्यक्ष नगमा खातुनले जनता सशक्त भएर सामाजिक परिवर्तनको अभियान चलाइरहेको बताइन् ।

तराई-मधेस सद्भावना पार्टीका जिल्ला सचिव विनयकुमार रायले भने, 'जनताले संगठनमा आवद्ध भएर आवाज उठाउने काम सुरु गरेको छ । यो भविश्यको शुभसंकेत हो । तपाईंहरूले आफ्नो समस्या यसरी खुलेर राख्नुभएको मैले पहिलो पटक सुन्न पाएको छु । यस्तो राम्रो काम गर्ने समग्र विकास सेवा केन्द्रलाई धन्यवाद दिनैपर्छ ।' ●